नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७७/७८
चलानी नम्बरः ३६८

मिति :२०७७/११/१३

विषय : जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै) ।

प्रस्तुत विषयमा उच्च अदालत पाटन, ललितपुरको च.नं.५७६ मिति २०७७/१०/२८ को पत्र संलग्न छ । विस्तृत व्यहोरा अवगत गरी सोही बमोजिम म्याद तामेली कार्यमा आवश्यक सहयोग र समन्वय हुन आदेशानुसार छ ।

०७७/११/१२
चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री उच्च अदालत पाटन, ललितपुर ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

# उच्च अदालत पाटन

हरिहरभवन, ललितपुर

(प्रशासन शाखा)

01-5527816
01-5527817
01-5527891
01-5527892
01-5010048
01-5511103

फोन नम्बर

Fax:९७७-०१-५५२७६६१

Email=info.hcpatan@supremecourt.gov.np


पत्र संख्याः- ०७७/०७८

च.नं.:- ५६६

मितिः २०७७/११/२८

**विषयः परिपत्र सम्वन्धमा।**

श्री स्थानीय तहहरु सवै (बागमती प्रदेश)

(महानगरपालिकाहरु, उप महानगरपालिकाहरु, नगरपालिकाहरु, गाउँपालिकाहरु,)

प्रस्तुत विषयमा, न्यायिक कामकारवाहीलाई छिटो छरितो एवं प्रभावकारी बनाई सबैका लागि न्याय सुनिश्चित गर्ने न्यायपालिकाको रणनीतिक योजनाको लक्ष्य हाँसिल गर्न अदालत ब्यवस्थापन एवं न्यायिक कामकारवाहीमा सुधार गरिदै आएको सबैमा विदितै छ। मुद्दाको कामकारवाहीलाई ढिलो सुस्ती हुन नदिई, चुस्त दुरुस्त एवं अनुमानयोग्य बनाउने कार्यमा सघाउ पुर्याउन "फरक मुद्दाका लागि फरक ब्यवस्थापन" (DCM) जिल्ला अदालतको हकमा मिति २०७७/०४/०१ तथा उच्च अदालतको हकमा २०७७/०५/१ देखि लागु भै सकेको अवस्था छ। यसका लागि अदालतबाट जारी गरिने म्याद सुचनाहरु यथासमयमा रितपुर्वक तामेल हुन अति आवश्यक छ। म्याद सुचना तामेलीको पूर्णतामा स्थानीय तहको अहम भुमिका रहि आएको छ। हालै जारी भएका मुलुकी देवानी तथा फौजदारी संहितामा समेत यस सम्वन्धमा स्थानीय तहको जिम्मेवारी र भुमिका निश्चित गरिएको छ। सर्वोच्च अदालतबाट समेत यस विषयमा महत्वपूर्ण मार्गदर्शन हुने गरेको छ।

मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १०८ मा "म्याद तामेल गर्दा स्थानिय तहका सम्वन्धित वडा अध्यक्ष, सदस्य, सचिव वा कुनै सरकारी कर्मचारी र स्थानीय ब्यक्तिले सम्वन्धित ब्यक्तिको घरद्वार खोजी देखाई चिनाई, पहिचान गराई म्याद तामेल गर्न आवश्यक पर्ने सवै सहयोग गरी त्यस्तो म्याद तामेली गर्दा साक्षी बसी सहिछाप गरी म्याद तामेल गर्ने काममा तामेलदारहरुलाई सहयोग गर्नु पर्नेछ" भन्ने कानूनी ब्यवस्था रहेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ (४) (५) (६) मा समाह्वानको तामेलीमा स्थानीय तहको संलग्नतालाई अनिबार्य गरिएको छ। यसै गरी निवेदक अधिबक्ता ओमप्रकाश अर्याल समेत विपक्षी नेपाल सरकारका पुर्व मुख्य सचिव लोकमान सिंह कार्कीसमेत भएको उत्प्रेषण/ परमादेश रिट नं ४३७४ नि.नं. ९७१० मा अदालतबाट जारी गरिएको म्याद सूचना नियमित र सहज रुपमा तामेल नहुँदा न्यायिक काम कारवाहीमा अनुचित अवरोध पैदा हुन जान्छ । त्यस प्रकारको क्रियाकलाप मान्य र स्वीकार्य हुन सक्दैन। न्यायिक काम कारवाहीमा सदैव कानून परायणताको अपेक्षा रहने गर्दछ। यस प्रतिकूलको कार्य र ब्यवहारप्रति शुन्य सहनशीलताको दृष्टिकोण अपनाउनु अदालतको

# उच्च अदालत पाटन

**हरिहरभवन, ललितपुर**

**(प्रशासन शाखा)**

फोन नं. 01-5527816, 01-5527817, 01-5527891, 01-5527892, 01-5010048, 01-5511103

Fax:९७७-०१-५५२७६६९

Email!=info.hcpatan@supremecourt.gov.np


पत्र संख्याः– ०७७/०७८

च.नं.:- ८८६

कर्तब्य हुन जान्छ भनी मिति २०७३/०९/२४ मा सर्वोच्च अदालतबाट आदेश भएको छ। सम्मानित सर्वोच्च अदालतको आदेश एवं कानूनी ब्यवस्थालाई समेत पूर्णरुपमा परिपालना भएका बखत न्यायका उपभोक्ता/मुद्दाका पक्षहरुलाई अदालतहरुबाट समयमा नै न्याय प्रदान गर्न सहज हुने ब्यहोरा समेत जानकारी गराउँदै अब उप्रान्त बागमती प्रदेशका सम्पुर्ण स्थानीय तह अन्तर्गतका वडा कार्यालयहरुलाई म्याद तामेली कार्यमा अदालतका तामेलदार, सूचना वाहक वा पत्र बाहक कर्मचारीहरुलाई आवश्यक सहयोग गर्नु गराउनु एवं समन्वय समेत गरिदिन हुन सादर अनुरोध गर्दछु ।

२०७८।०८।१०।२८

गजेन्द्र बहादुर सिंह

रजिष्ट्रार

<u>बोधार्थः-</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौ।

श्रीमान् सचिवज्यू, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौ।